# एडोन रोडगोडको 'घुम्टोभित्रको तरल आँखाहरू' कथाको मनोविश्लेषणात्मक अध्ययन

- **मङ्गली सुब्बा**
नेपाली विभाग, सिक्किम विश्वविद्यालय

**सार -** यस शोध पत्रको शीर्षक 'एडोन रोङगोङको 'घुम्टोभित्रको तरल आँखाहरू' कथाको मनोविश्लेषणात्मक अध्ययन' रहेको छ। साहित्यको अध्ययन गर्ने विभिन्न सिद्धान्तमध्ये मनोविज्ञान एउटा महत्त्वपूर्ण सिद्धान्त हो। मनोविज्ञानले मानव मनको अध्ययन गर्दछ। यही मनोविज्ञानका विभिन्न अवधारणामध्ये मनोविश्लेषण एउटा हो। मनोविश्लेषण सिद्धान्तका प्रवर्तक सिग्मन्ड फ्रायडलाई मानिन्छ। उनले चेतन, अवचेतन र अचेतन गरी मानव मनका तीनवटा स्तर प्रस्तुत गरेका छन्। यही अवधारणालाई आधार स्वरूप ग्रहण गरी मानिसमा देखिएका मनोभाव र मनोवृत्तिको अध्ययन गर्न सकिन्छ। कथाकार एडोन रोङगोङका कथामा विषयगत विविधता पाइन्छ, तीमध्ये मनोविज्ञान एउटा प्रमुख विषयका रूपमा देखा पर्दछ। उनका एकाधिक मनोवैज्ञानिक कथालाई फ्रायडीय मनोविश्लेषणका आधारमा अध्ययन गर्न सकिन्छ। यसैले यस शोधपत्रमा फ्रायडीय मनोविज्ञान सिद्धान्तका आधारमा उनको 'घुम्टोभित्रको तरल आँखाहरू' कथाको अध्ययन गरिएको छ। प्रस्तुत शोधपत्र निगमनात्मक शोध विधि अनि विश्लेषणात्मक पद्धतिका आधारमा तयार गरिएको छ।

**बीज शब्द** - मनोविज्ञान, मनोविश्लेषण, फ्राइडीय मनोविश्लेषण, एडोन रोङगोङ, नेपाली कथा।

## १ विषय प्रवेश

कथाकार एडोन रोङगोङले साहित्यका कथा, उपन्यास (अनूदित), कविता, बाल कथा, बाल कविता जस्ता विधामा कलम चलाएका छन्। उनले **विभावना** (समाचार पत्रिका), **हाम्रो पाइलो** र **हेर ती नयाँ भइसके** पत्रिकाको सम्पादन अनि **दियो** र **आँखा** पत्रिकाको सहसम्पादन गरेका छन्। उनी गीतकारका रूपमा पनि परिचित रहेका छन्। रोङगोङले साहित्य साथै इसाइ धर्ममा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। उनले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि कथा लेखन क्षेत्रमा उनको योगदान अधिक रहेको पाइन्छ। सामाजिक यथार्थ, बेरोजगारी, प्रेम प्रणय अनि मनोविज्ञानजस्ता विषयलाई उनले कथाका मुख्य विषय बनाएका छन्। रोङगोङद्वारा रचित 'घुम्टोभित्रको तरल आँखाहरू' कथाको मुख्य विषय मनोविज्ञान रहेको छ। मनोवैज्ञानिक कथा चरित्र प्रधान हुँदछ। उक्त कथा पनि कथाका मुख्य नारी पात्र कुन्ताको चरित्राङ्कनमा केन्द्रित रहेको पाइन्छ। यसैले मनोविश्लेषणका आधारमा यस कथाको विश्लेषणात्मक अध्ययन गर्नु यस शोधपत्रको अभीष्ट रहेको छ।

## २ सैद्धान्तिक अवधारणा

अङ्ग्रेजीको 'साइकोएनालिसिस' शब्दको नेपाली रूपान्तर 'मनोविश्लेषण' मनोविज्ञानको एउटा शाखा हो। यस शब्दको प्रयोग सिग्मन्ड फ्रायडले इ सं १८९६ मा गरेका हुन्। मनोविश्लेषणले मानिसको मन तथा व्यक्तित्वको सैद्धान्तिक अध्ययन गर्ने हुँदा यसलाई मनोविश्लेषण सिद्धान्त भनिन्छ भने फ्रायडले प्रवर्तन गरेका हुँदा यसलाई फ्रायडवाद पनि भनिएको पाइन्छ (शर्मा अनि लुइँटेल, वि सं २०६३, पृ- १६१)। **प्रयोगात्मक नेपाली शब्दकोशमा**

मनोविश्लेषणलाई "व्यक्तिको मनोदशाको अध्ययन, व्यक्तिको मनस्थितिको विवेचना" भनेर परिभाषित गरिएको पाइन्छ (अधिकारी अनि भट्टराई, वि सं २०७०, पृ- ११७४)। मनोविश्लेषण शब्दको प्रयोग तीनवटा अर्थमा गरिएको देखिन्छ। पहिलो व्यक्तिको रचना र विकास एवम् मनरोगका सन्दर्भमा, दोस्रो मानसोपचारको प्रयोगात्मक प्रविधिका रूपमा अनि तेस्रो अर्थ अनुसन्धानको एउटा सिद्धान्तका रूपमा प्रयोग गरिएको पाइन्छ (रेग्मी, वि सं २०५०, पृ- १)। वस्तुत: मनोरोगका सन्दर्भमा नै मनोविश्लेषण शब्दको प्रयोग भएको देखिन्छ। यसैले मानसिक रोगको उपचार गर्ने क्रममा अठारौँ शताब्दीको अन्त एवम् उन्नाइसौँ शताब्दीमा मनोविश्लेषण सिद्धान्तको विकास भएको पाइन्छ। (बाली, इ सं १९९२, पृ- २१२)। मानसिक रोगीहरूको उपचार गर्ने क्रममा नै फ्रायडले स्वप्न सिद्धान्तको प्रवर्तन गरे। यस सिद्धान्त अनुसार मानिसका दमित इच्छाहरू प्रायः स्वप्नका रूपमा प्रकट हुने गर्दछ तर त्यसको अभिव्यक्ति प्रायः प्रतीकहरूका रूपमा हुँदछ (बाली, इ सं १९९२, पृ- २१३)। उनले मनोविकृतिको मूल कारण यौन इच्छालाई मानेका छन्। फ्रायडले मनका तीनवटा स्तर देखाएका छन् ती हुन्- चेतन, अवचेतन र अचेतन। चेतन मानव मनको सबैभन्दा सानो भाग हो। चेतन मनले अतीतमा घटित घटनाहरूको स्मरण गर्दछ। यो वर्तमान साथै सामाजिक जीवनसँग सम्बद्ध हुँदछ। यसैले चेतन अवस्थामा मानिसले विभिन्न प्रकारका क्रियाको ज्ञान आर्जन गर्न सक्दछ। (पालीवाल, इ सं २०१४, पृ- १५)। चेतन र अचेतनको मध्यवर्ती भाग अवचेतनलाई मानिन्छ। अचेतन मानव मनको त्यो विस्तृत भाग हो जसको क्रियाबारे मानवलाई ज्ञान हुँदैन। यो मानव इच्छा, आकाङ्क्षा अनि चेष्टाहरूको पुञ्ज हो जुन अनेक सामाजिक कारणहरूले गर्दा चेतनबाट लुकेर अचेतन मनमा गएर बस्दछ (पालीवाल, इ सं २०१४, पृ- १५)। अत: मानव व्यक्तित्वको विकृतिका कारणहरू पनि अचेतनमा नै दमित भएको हुँदछ। यसैले मानवको सार्थक व्यक्तित्वका निम्ति यसको परिपूर्ति गर्न आवश्यक देखिन्छ। दमित अवस्थामा मानिसमा देखिएको क्रियाकलापको अध्ययन मनोविश्लेषणले गर्दछ। त्यस्तै प्रकारले फ्रायडले इदम्, अहम् अनि पराअहम्का आधारमा पनि मनको विभाजन गरेका छन्। इद्‌ममा जन्मजात एवम् वंशानुगत गुणहरू पाइन्छन्। इदम् अनि अचेतनका प्रवृत्ति एकै प्रकारको रहेको हुदँछ। यसको मुख्य विषय कामशक्ति वा कामवासनासँग सम्बद्ध पक्ष र त्यसको तत्कालीन तुष्टीको चाहना मानिएको छ। यो आनन्द तथा सुखको सिद्धान्तबाट परिचालित हुँदछ (शर्मा अनि लुइँटेल, वि सं २०६३, पृ- १७३)। यसको तात्पर्य जुन कार्य गर्नाले सुखको अनुभूति हुँदछ इदम् त्यसैका लागि तत्पर रहेको पाइन्छ। त्यसरी नै अहमलाई इदम्को विकसित रूप मान्न सकिन्छ। यसको सम्बन्ध चेतन मनसँग रहेको हुँदछ। अहम्‌मा आत्मरक्षाको प्रवृत्ति रहेको पाइन्छ। यसैले यसमा तर्क गर्ने, सोच्ने, सिक्ने, स्मरण गर्ने अनि निर्णय लिन सक्ने क्षमता रहेको हुँदछ। पराअहम् व्यक्तित्वको नैतिक भाग हो। यसले असामाजिक, अनैतिक तथा अस्वीकार्य चाहनाहरूलाई इद्‌ममा अग्रसर हुनदेखि रोक्दछ। यसैले पराअहम्‌मा समाजका परम्परागत मान्यता, मूल्य, संस्कृति र आदर्शका कुराहरू रहेका हुँदछन् (रेग्मी, वि सं २०५०, पृ- ४)। अत: राम्रो नराम्रो कुरा छुट्ट्याउन सक्ने ज्ञान पराअहम्‌मा रहेको पाइन्छ। फ्रायडले मातृग्रन्थि र पितृग्रन्थिको पनि चर्चा गरेका छन्। छोराले आमाप्रति यौन आकर्षण र बाबुप्रति विकर्षण देखाउने भावलाई मातृग्रन्थि र छोरीले बाबुप्रति यौन आकर्षण र आमाप्रति विकर्षण देखाउने भावलाई पितृग्रन्थि भनिन्छ (रेग्मी, वि सं २०५०, पृ- ६)। त्यसरी नै विश्लेषणात्मक अध्ययनका क्षेत्रमा अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्गको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

यसरी बीसौँ शताब्दीको आरम्भमा आएर मनोविश्लेषण सिद्धान्तले साहित्य क्षेत्रमा प्रवेश गर्दछ। साहित्यमा यसले पात्रहरूको आचरण सम्बन्धी अध्ययन गर्दछ साथै पात्रमा देखिएका मानसिक स्थितिका कारणको अध्ययन मनोविश्लेषणले गर्दछ। यसले वर्णित अनि घटित घटनाहरूको मनोवैज्ञानिक आधारमा अध्ययन गर्दछ। फ्रायडका प्रभावमा डा अर्नस्ट जोन्सले शेक्सपियरको नाटक **ह्यामलेट**को मनोविश्लेषणात्मक अध्ययनबाट नै मनोविश्लेषण सिद्धान्तको आरम्भ भएको मानिन्छ (त्रिपाठी, वि सं २०६५, पृ- १६६)। नेपाली साहित्यका क्षेत्रमा गोविन्दबहादुर

मल्ल गोठालेको उपन्यास **पल्लो घरको झ्याल**बाट (वि सं २०१६) मनोविज्ञान लेखनको थालनी भएको मानिन्छ भने विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' (वि सं १९९२) पहिलो मनोवैज्ञानिक कथा हो।

## ३ मनोविश्लेषणका आधारमा 'घुम्टोभित्रको तरल आँखाहरू' कथाको विश्लेषण

'घुम्टोभित्रको तरल आँखाहरू' कथा एडोन रोङगोङको कथा सङ्ग्रह **चोइटा**मा सङ्ग्रहित पहिलो कथा हो। यो कथा तेस्रो पुरुष दृष्टिबिन्दुमा लेखिएको छ। कथाकी मुख्य नारी पात्र कुन्तालाई केन्द्रमा राखेर कथाको रचना गरिएको पाइन्छ। कथाकी प्रमुख पात्र कुन्ताको विवाह भएको रातबाट कथा आरम्भ भएको छ। नव विवाहित दुलही भएर कोठामा लोग्नेको प्रतीक्षामा बसेकी कुन्ता विगतका दिनहरूमा विचरण गर्न थाल्छे। यसरी विचरण गर्दा उसले आफ्नो घर परिवेशको स्मरण गर्दै आफ्नो पितालाई पनि सम्झन पुगेकी छ। फ्रायडद्वारा विकसित पितृग्रन्थि कुन्तामा पनि देखिएको कुरालाई विवाहको पहिलो रातमा आफ्नो बाबुलाई सम्झिएको घटनाले पुष्टि गर्दछ। ऊ बाबुको चुम्बन अनि स्पर्शमा आनन्द अनुभव गर्छे। कुन्तामा देखिएको पितृग्रन्थिलाई स्पष्ट पार्नाका निम्न पङ्क्तिलाई यहाँ राख्न सकिन्छ- 'उसलाई याद छ जब ऊ सानै थिई, आमासँग भन्दा बाबुकै काखमा बस्न खुबै मन पराउँथी। बाबुले काट्न नभ्याएको उसको ओठ र च्यापुको दरिलो केशहरू कलिलो हातले सुमुसुम्याउँदा उसलाई एक तमाशको रहरलाग्दो मज्जा लाग्थ्यो। यसरी ऊ बाबुको काखमा आनन्दसाथ खेल्थी तर बाबुसित मात्र बसेको, सुतेको खाएको आमाले हेर्न सक्तिन थिई र त बाबुको काख नमानी नमानी छोडन पर्दा उसलाई नरमाइलो लाग्थ्यो' (रोङगोङ, इ सं १९७०, पृ- ३)। यस प्रकार कुन्ताको मनोवृत्ति बाबुप्रतिको यौन आकर्षणतर्फ ढल्किएको देखिन्छ भने आमाप्रति विकर्षणको भाव उसमा यस प्रकार देखिएको छ 'उसलाई त्यो दिन एकदमै नरमाइलो लागेको थियो, बाबुले उसको आँखा अघि आमालाई, अँगालोमा कसेर चुमेको देख्दा। ऊ एक्लै एक्लै रोएकी थिई, त्यसरी त्यस्तो आफ्नो मायाको बटाइँमा: ऊ त्यो दिन नबोली नबोली बाबुदेखि टाढो बस्न चाहेकी थिई' (रोङगोङ, इ सं १९७०, पृ- ४, ५)। यस प्रकार कुन्तामा बाबुप्रति आकर्षण र आमाप्रति विकर्षणको मनोभाव देखिनाले उसका चरित्राङ्कनमा पितृग्रन्थि समाहित भएको देख्न पाइन्छ।

त्यस्तै प्रकारले उसले आफूसँग सम्पर्क एवम् सम्बन्ध भएका दिलु सर, विमल, सुरेनजस्ता पुरुष पात्रको स्मरण गरेकी छ। दिलु सर कुन्तालाई पढाउन उसको घर आउने गर्दछ। आफ्नो बाबुदेखि टाढा भएपछि उसको आकर्षण दिलु सरतर्फ ढल्किएको छ। उसलाई दिलु सरले चुम्दा, छातीमा राख्दा आनन्दानुभूति भएको छ। जसको वर्णन कथामा यस प्रकार रहेको छ- 'घरमा कोही नभए उसलाई चुम्थ्यो, छातीमा राख्थ्यो - दिलु सरको यो पनमा उसलाई अर्कै मजा लाग्थ्यो। त्यस बेला उसलाई आफ्नो शरीरभरि आनन्द उम्रे, पोखे जस्तो लाग्थ्यो।' हो त यसै गर्दा त एकदिन बाबुले देखेर दिलु सरलाई बेस्सरी हकारेको थियो। कुन्ता कति धेर रोएकी थिई त्यस बेला तर दिलु सर कहिले आएन' (रोङगोङ, इ सं १९७०, पृ- ५)। यसरी कुन्ता पहिलोपल्ट बाबुदेखि टाढा हुँदा रोएकी छ भने दोस्रोपल्ट दिलु सरदेखि टाढा हुनाको पीडामा रोएकी छ। एडलरद्वारा प्रतिपादित मनोवैज्ञानिक अधारणामध्ये क्षतिपूर्ति एउटा हो। यस सिद्धान्त अनुसार व्यक्तिले एक प्रकारको क्षति एवम् कमीको पूर्ति अर्को प्रकारको उत्कर्षजनक क्रियाकलापबाट गर्दछ (शर्मा अनि लुइँटेल, वि सं २०६३, पृ- १८३)। क्षतिपूर्ति नभए मानिस मनस्तापी बन्न पुग्दछ। अत: यस कथामा कुन्ताले बाबु पश्चात स्नेह र आनन्दको अनुभूति दिलु सरबाट प्राप्त गरेकी छ। यसैले उसमा क्षतिपूर्तिको भाव देखिएको छ। कुन्तामा क्षतिपूर्तिको भाव अङ्कित भएकाले मनस्तापी हुनदेखि बाँचेकी छ। विमल र सुरेनसँग कुन्ताको प्रेम सम्बन्ध देखिएको छ। विमल उसको पहिलो प्रेमी हो। यस कथामा विमलको चित्रण यस प्रकार गरिएको छ- 'उसको आँखा अघि उभिन्छ विमल, त्यही विमल उसले यौवनको नौलो पाइलोमा भेटाएकी सौम्य युवक, प्यारको मूर्ति' (रोङगोङ, इ सं १९७०, पृ- ६)। कुन्ताले चेतन तहबाट विमल जस्ता सौम्य युवकलाई मन पराएकी छ, माया गरेकी छ तर अवचेतन स्तरमा सुरेनजस्तो भरिलो अथवा हृष्टपुष्ट युवकको चाह गरेकी छ।

यसैले ऊ सुरेनको आगमनपछि विमललाई बिर्सेर सुरेनसँग सम्भोगमा आनन्दित हुन्छे। अत: कुन्ताको चेतन मनको चाह विमल हो भने अचेतन मनको चाह सुरेन हो। अचेतन दमित अवस्थामा रहेको हुँदछ तर कुन्ताले विमललाई त्यागेर सुरेनसँग सम्बन्ध स्थापित गर्नाले उसको अचेतन मनको चाह चेतन मनमा प्रकटीरकण भएको देखिन्छ। यसैले कुन्ताको चेतन मनमाथि अवचेतन मनले विजय प्राप्त गरेको बोध हुँदछ।

यस प्रकार कुन्ताले दिलु सर, विमल र सुरेनजस्ता पुरुष पात्रबाट यौनको चाह राखी आनन्द अनुभव गरेकी छ। यसरी आनन्द अनुभव गर्ने क्रममा आफ्नो कौमार्य लुटाएकी कुन्तामा विवाहपश्चात् पश्चातापको भाव यस प्रकार देखिएको छ- 'मेरो त अब पो जीवन शुरू हुन्छ तर यो शरीर यो त पवित्र छैन नै...तर पनि मैले चढाउनै पर्छ मेरो पतिको अघि। मेरो पति पवित्र होला, साँच्चै मलाई पनि पवित्र हिमाली चाँप गुराँस सम्झिँदो हो। तर म..... मैले मेरो पतिलाई त्यो पवित्र दिन सक्तिन जसको कामना प्रत्येक पति हृदय गर्छ आँखाभरि सम्झना कोपारेर घुम्टोभित्र कुन्ताको आँखाहरू पश्चतापले तरल छन्' (रोङगोङ, इ सं १९७०, पृ- ७, ८)। विवाहअघि पुरुष पात्रहरूबाट यौनको अभिलाषा राख्ने कुन्तामा विवाहको रात भने नैतिक भाव देखिएको कुरो उक्त पङ्क्तिले प्रस्ट गर्दछ। आफ्नो शरीर कौमार्य नरहेकाले विवाहको पहिलो रात उसलाई ग्लानि बोध हुँदछ। यसैले आफ्नो कुमारीत्व लोग्नेलाई सुम्पन नसकेको खेदका कारण ऊ विवाहको पहिलो रात रोएकी छ। अत: आफ्नो जीवनमा आएका पुरुष पात्रहरूबाट आनन्द एवम् सम्भोगको तृप्ति गर्नाले उसको वैवाहिक जीवनको आरम्भमा हर्षको भाव देखिएको छैन।

वर्णनात्मक शैलीमा लेखिएको यस कथामा तत्कालीन गाउँ, समाजको परिवेश देखाइएको पाइन्छ। यो कथा चरित्र प्रधान रहेको छ। कथामा मुख्य रूपमा कुन्ताको चरित्रलाई चित्रित गरिएको पाइन्छ। एकजना पुरुषपछि अर्को पुरुषको स्पर्शमा आनन्दित हुने उसको मानसिक स्वभाव देखाइएको छ। लिबिडो फ्रायडद्वारा प्रतिपादित मनोवैज्ञानिक अवधारणाहरूमध्ये एउटा हो। यसको सम्बन्ध आनन्द सिद्धान्तसँग हुँदछ। मूलतः लिबिडोमा आनन्द तथा यौन सन्तुष्टिको अध्ययन गरिन्छ। लिबिडोले व्यक्तिगत आनन्दलाई महत्त्व दिँदछ। यसले समाजका नैतिक कुराहरू स्वीकार गर्दैन (बाली, इ सं १९९२, पृ- २१४)। लिबिडोको सम्बन्ध कामवासनासँग हुँदछ। कुन्तामा पनि लिबिडोको भाव देखिएको छ। उसले आफ्नो जीवनमा आएका प्रत्येक पुरुषबाट यौन आपूर्ति गरेकी छ। व्यक्तिगत आनन्द अनुभूतिलाई उसले प्रधानता दिएकी छ। यसैले उसले आफूमा उत्पन्न भएको यौन इच्छालाई दमन गरेकी छैन। एकाधिक पुरुषबाट यौन सन्तुष्टि पूर्ति गर्ने क्रममा ऊ सुरेनबाट गर्भवती भएकी छ। विवाहअघि स्त्रीको गर्भधारणलाई समाजले अवैधानिक एवम् अनैतिक कार्य ठान्दछ। यसैले उसले आफूले गर्भधारण गरेको शिशुलाई जन्म दिन सकेकी छैन। पितृसत्तात्मक समाजको भयका कारण उसले गर्भपात गरेकी छ। वस्तुत: कुन्ताले व्यक्तिगत इच्छाका कारण नैतिक भावलाई महत्त्व नदिए तापनि विवाहको रात भने ऊ आफूले गरेको अनैतिक कार्यहरू सम्झी पछुताएकी छ।

## ४ निष्कर्ष

कथाकार एडोन रोङगोङद्वारा लिखित 'घुम्टोभित्रको तरल आँखाहरू' कथामा मनोवैज्ञानिक विशेषताहरू मुख्य रूपमा रहेका पाइन्छन्। कथाकी मुख्य नारी पात्र कुन्तामा यौन इच्छाका कारण उत्पन्न भएको मनोभाव एवम् मनोवृत्तिलाई यस कथामा देखाइएको छ। पितृग्रन्थिका कारण उसमा बाबुप्रति आकर्षण अनि आमाप्रति विकर्षणको भाव जागृत भएको पाइन्छ। लिबिडोले ग्रसित पात्रका रूपमा उसको चित्रण गरिएको देखिन्छ। यसैले उसले आफ्नै बाबु, दिलु सर, विमल र सुरेनजस्ता परपुरुषबाट यौन तृप्तिको अपेक्षा राखेकी छ। अधिक यौन इच्छा हुनु एउटा मनोरोग हो। यसका कारण धेरैजसो मानिसको व्यक्तिगत साथै वैवाहिक जीवनमा बाधा उत्पन्न हुने गरेको देखिन्छ। अचेतन मनको यौन इच्छा एवम् आनन्दलाई अत्यधिक प्रधानता दिनाले समाजका नैतिक कुराहरू हनन हुने छ भन्ने कुराको सङ्केत यस कथामा रहेको  पाइन्छ। व्यक्तिगत आनन्द पूर्ति गर्ने क्रममा मानिसले भ्रूण हत्याजस्ता पाप कर्म

समेत गर्न पुग्दछन् भन्ने कुरा कथाकी प्रमुख पात्र कुन्ताको माध्यमबाट देखिएको छ। मानिसले आफ्नो जीवनलाई सुचारु रूपमा चलाउन पराअहम् एवम् सामाजिक मान्यता, आदर्शकाकुराहरूलाई महत्त्व दिन आवश्यक देखिन्छ भन्ने कुराको सन्देश यस कथामा रहेको पाइन्छ। अभिभावक वर्गले आफ्ना नानीहरूलाई लालनपालनका साथसाथै सामाजिक मर्यादा सिकाउनु आवश्यक रहेको कुरो कथाकारले कुन्ताको माता पिताका माध्यमबाट देखाएका छन्। मानिसलाई आफ्नो जीवन बाँच्नाका निम्ति आनन्दको आवश्यकता पर्दछ तर व्यक्तिगत आनन्द मानिसको सर्वस्व होइन भन्ने कुरो यस कथाको मुख्य धेय रहेको पाइन्छ।

## सन्दर्भ


१ अधिकारी हेमाङ्गराज र बद्री विशाल भट्टराई (सम्पा), वि सं २०७०, **प्रयोगात्मक नेपाली शब्दकोश**, दोस्रो संस्करण, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा लि

२ घर्ती दुर्गाबहादुर, वि सं २०६७, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान**, पुलचोक ललितपुर, साझा प्रकाशन

३ रेग्मी मुरारीप्रसाद, वि सं २०५०, **मनोविश्लेषणात्मक समालेचना**, दोस्रो संस्करण, काठमाडौँ, न्यू खत्री प्रिन्टर्स

४ रोङगोङ एडोन, इ सं १९७०, **चोइटा**, वाराणसी, महादेव प्रसाद दीपक प्रेस

५ शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, वि सं २०६३, **पूर्वीय र पाश्चत्य सिद्धान्त**, दोस्रो संस्करण, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार

६ सुवेदी राजेन्द्र, इ सं २००७, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दोस्रो संस्करण, पुलचोक ललितपुर, साझा प्रकाशन

७ त्रिपाठी वासुदेव, वि सं २०६५, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्पारा भाग २**, पाँचौँ संस्करण, पुलचोक ललितपुर, साझा प्रकाशन

८ पालीवाल कृष्णदत्त, इ सं २०१४, **हिन्दी आलोचना के नये वैचारिक सरोकार**, नयाँ दिल्ली, वाणी प्रकाशन

९ बाली तारकनाथ, इ सं १९९२, **आलोचना प्रकृति और परिवेश**, दोस्रो संस्करण, नयाँ दिल्ली, नेसनल पब्लिशिङ्ग हाउस, दरियागङ्ज

१० तिवारी रामचन्द्र, इ सं २०००, **हिन्दी आलोचना शिखरों का साक्षात्कार**, दोस्रो संस्करण, नयाँ दिल्ली, नेताजी सुभाष मार्ग